## प्रेस विज्ञप्ति

आर्थिक पवर्ष २०७५/०७६ मा मेचीनगर नगरपालिकाबाट कार्य सम्पन्न भए गरिएका कार्यक्रम र बजेटको विषयमा मूलरुपमा सामाजिक संजालमा आम नगरबासीहरुलाई भ्रमित बनाउने गरी सूचना सम्प्रेषण भइरहेको विषयमा यस नगर कार्यपालिकाको ध्यानाकर्षण भएको छ । संविधान र कानूनले दिएका काम, कर्तव्य र अधिकारको प्रयोग गरी कार्य सम्पादन भई आएकोमा यस खालको भ्रम निवारण गर्नु यस नगर कार्यपालिकाको कर्तव्य र दायित्व भएको महसुस भएकोले, विभिन्न मितिका यस नगर कार्यपालिकाको निर्णय तथा स्थानीय तहमा क्रियशील राजनीतिक दलहरुको समेत सहमति र समन्वय तथा मेचीनगर नगर कार्यपालिकाको निर्णयको आधारमा समसामयिक निम्न विषयहरुलाई स्पष्ट पार्न यो विज्ञप्ति सार्वजनिक गरिएको छ ।

**१. वडा नं. ४ को मकै खेती सम्वन्धमा**

आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत आर्थिक विकास तर्फको कार्यक्रम र वजेट अन्तर्गत चाक्लावन्दी खेती प्रोत्साहन कार्यक्रममा विनियोजित रु २० लाख रकमको लागि मिति २०७५।१०।१८ गते चाक्लावन्दी खेती प्रोत्साहन कार्यक्रमको सार्वजनिक सूचनामार्फत् प्रस्ताव पेश गर्न आह्वान भई प्राप्त प्रस्तावका आधारमा वाहुण्डाँगी कृषि तथा पशुपालन प्रा. लि. मेचीनगर ४ समेतले पेश गरेको प्रस्तावका क्रियाकलाप सञ्चालन गर्न प्रस्ताव पेश भएका संस्थाहरुलाई प्रोत्साहनवापत अनुदान दिन नगर कार्यपालिकाको मिति २०७५।११।१४ गतेको वैठकबाट स्वीकृत भए वमोजिम वाहुण्डाँगी कृषि तथा पशुपालन प्रा. लि. मेचीनगर ४ लाई प्रस्तावनाको पृष्ठभूमि परिच्छेदमा जो जे (एडभान्टा मकै वीज बृद्धि सुधार कार्यक्रम) उल्लेख भएतापनि पेश भएको प्रारम्भिक प्रस्तावना र कार्यालयसँग भएको संझौता पत्रको क्रियाकलापको खण्ड (१) मा बाली प्रवर्द्धनका लागि प्रोत्साहन अनुदान र क्रियाकलापको लीग खण्ड (२) मा बाली भित्र्याउने कार्यको लागि अनुदान उपलब्ध गराउने भई बुँदा नं. २.४ को दाना ( गाईको खाना) बनाउने मुख्य क्रियाकलाप नै आयोजनाको मूल परिणाम (उद्धेश्य) भएको कार्य मुख्य नतिजा (क्रियाकलाप नं. २.४ को लागि) ५० मे. टन दाना (पशु आहार) उत्पादन गर्न रु. ८ लाख अनुदान रकम उपलब्ध गराइएको र सो सम्वन्धमा सामाजिक सञ्जालका सवालका बारेमा कार्यालयको तर्फबाट मिति २०७६।०४।०३ गते नै सूचना अधिकारी मार्फत् स्पष्ट पारी सकिएको छ । मिति २०७६/०४/०७ मा कान्तिपुर दैनिकमा प्रकाशित समाचारका विषयमा उक्त प्रा. लि. लाई कार्यालयबाट प्रतिक्रिया पेश गर्न पत्राचार गरिएकोमा कान्तिपुर दैनिकमा प्रकाशित समाचार र त्यसका विषयमा सम्वन्धित कृषि तथा पशुपालन प्रा. लि. बाट कार्यालयमा प्रतिक्रिया समेत पेश भइसकेको अवस्था छ । साथै मिति २०७६/०४/०९ गते नै उक्त प्रा. लि. मेचीनगर ४ का तर्फबाट हाल आफूसँग भएको पशु आहार दाना र मकै स्टक प्रमाणित गरिदिन उल्लेख भई आएकोमा ४ नं. वडा कार्यालयलाई स्टक प्रमाणित गरी पेश गर्न जिम्मेवारी प्रदान गरिएअनुसार मिति २०७६/०४/१० मा सम्बन्धित वडा नं. ४ को वडा समितिबाट स्थलगत भ्रमण गरी निम्नानुसार स्टक प्रमाणित भई आएको छ ।

क. पशु आहार दाना - चौडाई २२ फुट, लम्वाई ४० फुट, गहिराई ९ फुट रहेको खाल्डोमा मकैको बोट घोगा सहितको साइलेस वनाई पशु आहार दाना राखिएको,

ख. छोड्याइएको मकै अन्दाजी ८५ क्विन्टल मकै स्टक राखिएको,

ग. अहिले पनि अन्दाजी २ विघाभन्दा वढी जग्गामा मकैको बोटसहितको खेती नै रहेको पाइएको ।

यसरी सारभूतमा हेर्दा सम्झौताको पृष्ठभागमा एडभान्टा मकै विज वृद्धि सुधार कार्यक्रम लेखिएको भए पनि निज कृषि तथा पशुपालन प्रा. लि. ले सम्झौताका मुख्य क्रियाकलाप बमोजिम (बुँदा नं. २.४ अनुसार) नै मकै खेती गरी पशु पालनका लागि पशु आहार दाना बनाएको र मकै समेत उत्पादन गरेको देखिएको हुँदा यस विषयमा उठेका सवालहरुलाई तथ्यगत आधारमा वुझिदिनुहुन अनुरोध छ, जसलाई नगर कार्यपालिकाको यसअधिका बैठकहरुबाट समर्थन तथा स्वीकृत भइसकेको छ ।

**२. वडा नं. २ र ३ मा संकलित ढुङ्गा सम्वन्धमा**

आर्थिक वर्ष २०७५/०७६ मा नगरपालिकाको आन्तरिक आय राजश्व व्यवस्था गर्न आई ई ई गरिएका मेचीनगरका नदीहरुमा नदीजन्य निर्माण सामाग्री उत्खनन् संकलन र विक्री व्यवस्था गर्न ठेक्का लगाइएकोमा ठेक्का सम्झौता कार्यान्वयनको अनुगमन गर्न गठित संयोजक श्री कृष्ण कनालज्यू रहेको अनुगमन समितिले अनुगमन गर्दाका वखत वडा नं. २ र ३ को निन्दा नदी क्षेत्रमा स्थानीयहरुले संकलन गर्न मिल्ने ढुंगाहरु संकलन गरी नगरपालिकाबाट तारजाली उपलब्ध गराएर तटवन्धनको कार्य गर्न स्थलगतरुपमा स्थानीयसँग समझदारीसम्म भएको, सोही विषयलाई लिएर कार्यालयबाट थप कुनै कारवाही नभएको तथा संकलित ढुङ्गाको सम्वन्धमा हाल चर्चा भए जस्तो अतिसयपूर्ण कुनै पनि कार्य नगरिएको र समझदारीअनुसार ढुङ्गा संकलन गरिएको भएमा नगरपालिकाको श्रोतको पर्याप्तता अनुसार तारजाली उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरिन्छ ।

**३. सुपारी, मरिच र तेजपत्ताको विरुवा वितरण सम्बन्धमा**

विमल आचार्य
नगरप्रमुख

आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रमको आर्थिक विकास तर्फको सुपारी, मरिच तथा तेजपत्ताको विरुवा किसानको मागका आधारमा खरिद गरी वितरण गर्न कार्यालयमा दर्ता भएका निवेनको माग विश्लेषण गरी सार्वजनिक सूचना मार्फत् कम मूल्य र उत्पादन दिने गरी कबोल गर्ने विरुवा उत्पादक व्यक्ति तथा सँस्थाबाट विरुवा खरिद गरी विरुवा वितरण गर्न आर्थिक वर्ष २०७५/०७६ मा सम्भव नभएकोले विरुवा उपलब्ध गराउन स्वीकृत निवेदकलाई विरुवा उपलब्ध गराईसकेपछि मात्र भुक्तानी व्यवस्था हुने गरी चालु आ.व. २०७६/०७७ मा वजेट व्यवस्था गरिएको छ। सो सम्वन्धमा विरुवा वितरणको कार्य हालसम्म सम्पन्न नभइसकेको हँदा कुनै पनि भुक्तानी समेत गरिएको छैन।

**४. कृष्ण उप्रेतीज्यूको घर अगाडिको सडक अस्फाल्ड कङ्क्रिट सम्बन्धमा**

स्थानीय उपभोक्ता समितिबाट नगरपालिकाको रु २५ लाख र उपभोक्ता समितिको २ लाख ५० हजार समेतको आयोजना अस्फाल्ड कङ्क्रिटको कार्य भइरहेकोमा भारी बर्षाद्का कारण कार्यालयबाट उक्त काम तत्काल गुणस्तरीय हुन नसक्ने भएकोले काँकडभिट्टाको प्रगतिपथको भुक्तानीयोग्य कामको मात्र मूल्याङ्कन गरी रु ८ लाख खर्च लेखी सम्पूर्ण कार्यक्रम सञ्चालनको कार्य नै समाप्त (बन्द) गरिएको छ। साथै सचेत उपभोक्ताहरुलाई स्थलगतरुपमा काम गर्न जिम्मेवार समितिलाई नै गुणस्तर कायम गर्न पहल गरी सचेत नागरिकको भूमिका निर्वाह गरिदिनुहुन समेत मेचीनगर नगर कार्यपालिका सबैसँग अनुरोध गर्दछ।

**५. मेचीनगर नगरपालिका वडा नं. १० लालपानीको जग्गा एन्फालाई लिजमा दिने सम्वन्धमा**

मेचीनगर नगरपालिका वडा नं. १० लालपानीमा नगरपालिकाको स्वामित्वमा रहेको ६ विगाहा जग्गामा एन्फाको प्रस्तावअनुसार लिजमा खेलकुद प्रशिक्षण केन्द्र निर्माण गर्न एन्फालाई अन्य जिल्ला र पालिकासँग भएको यस प्रकारका अभ्यास र सम्झौताहरु समेतका आधारमा सम्झौता गर्न नगर कार्यपालिकाबाटै निर्णय भएको छ।

**६. वडा नं. ९ को सडक सम्वन्धमा**

ओमशान्ति उत्तर नवज्योती टोल पशुपति गाउँ श्याम पाठकको घर हुँदै थोप्लेविरान वालुवाटार सडक स्तरोन्नोति आयोजनामा रु १५ लाख वडाबाट र रु १ लाख ६५ हजार उपभोक्ताबाट व्यहोर्ने गरी उपभोक्ता समितिसँग सम्झौता भई कार्यान्वयनमा रहेकोमा श्याम पाठकको घर हुँदै थोप्ले विरानतर्फ जाने स्थान (चर्च आसपास) मा सडक क्षेत्राधिकारको विवादका कारण सोही वडाको प्राथमिकताप्राप्त अन्य आवश्यक ठाउँमा सडक स्तरोन्नतिको कार्य गरी सो सहित नगरपालिकाभरिका अन्य २५ वटा आयोजनाहरु समेतको सोही व्यहोरा नगर कार्यपालिका र नगर सभाबाट समेत अनुमोदन भइसकेको अवस्था छ।

**७. वडा नं. ३ को नदी उकास जग्गामा वृक्षारोपण गरिएको सम्वन्धमा**

नदी उकास जग्गामा वृक्षरोपण गर्ने कार्यक्रमअनुसार ३ नं. वडा कार्यालयको सिफारिसमा उपभोक्ता समिति गठन भई कार्य भइरहेकोमा उपभोक्ता समितिले कार्यालयमा काम साउन, भदौतिरसम्ममा मात्र सम्पन्न हुन सक्ने भनि म्याद थपका लागि निवेदन गर्न आएकोमा अर्को आर्थिक वर्षमा आयोजनाको जिम्मेवारी सर्न नसक्ने हुँदा म्याद थप नभएको र रु. ५ लाखको काममा रु. १ लाख ६५ हजार मात्र पेश्की निकासा गरिएको र थप भुक्तानी हुन नसक्ने अवस्था भएको हुँदा पेश्की फछ्यौटसम्म हुने गरी काम गरेको भएमा पेश्की फछ्यौट गर्ने वा काम नगरिएको भएमा पेश्की असुलउपरतर्फ कार्यालयको कार्यवाहि हुनेछ।

**८. गोकुल मार्ग सम्वन्धमा**

गोकुलमार्गको अधिकांश भागमा कालोपत्रे निर्माण कार्य सन्तोषजनक नै रहेता पनि उपभोक्ता समिमिार्फत् काम गरिएको ठाउँमा पछिल्लो केही दिनदेखि परिरहेको भारी वर्षाद्को कारण केही सुधार गर्नुपर्ने देखिएकोले सम्बन्धित वडाध्यक्षज्यूलाई सुधारको लागि अनुरोध गरिएको छ।

**९. आर्थिक वर्ष २०७५/०७६ को फ्रिज रकम सम्वन्धमा**

प्रारम्भिक विवरणअनुसार आ. व. २०७५।०७६ मा कूल खर्च १ अरब २२ करोड ५१ लाख ७८ हजार ३३ रुपैयाँ मात्र कानुनसम्मत खर्च भएको र खर्च हुन नसकेको निम्नानुसारको रकम निकासा फिर्ता (फ्रिज) भएको अवस्था छ।

**क.** प्रदेश सरकार रु. १९ लाख ५७ हजार १६४ रुपैयाँ ९५ पैसा (सशर्त र निर्वाचन क्षेत्र विकास कार्यक्रम)

**ख.** नेपाल सरकारतर्फ पूर्वाधार साझेदारी विकास कार्यक्रम, हस्तान्तरित कार्यक्रमतर्फ सशर्त अनुदान ( शिक्षा, स्वास्थ्य, कृषिलगायतको) रु. ३ करोड ८ करोड ७ हजार ८७७ रुपैयाँ ९८ पैसा

**ग.** सामाजिक सुरक्षा अनुदान वापत खर्च नभएको रु. ५२ लाख ८१ हजार ४८८ रुपैयाँ १६ पैसा मात्र

अन्तमा, मेचीनगर नगरपालिका सदैव जनसरोकारको विषयमा सजग र सम्बेदनशील रहेको हुँदा नगरको सुशासन प्रबर्द्धन गर्ने हाम्रो अठोटमा राजनीतिक दल, सञ्चरकर्मी, नागरिक समाज र सम्पूर्ण नगरबासीहरुबाट प्राप्त सकारात्मक सहयोगको सह्राना गर्दै आगामी दिनमा पनि यस्तै सहयोगको लागि अनुरोध गरिन्छ।

१३ साउन, २०७६

विमल आचार्य
नगर कार्यपालिका प्रमुख

बिमल आचार्य
नगरप्रमुख